# सृष्टिकर्ता, पृथ्वीको भगवान, ब्रम्हाण्डको भगवान ईश्वर एल कान्तारे !!



HAPPY SCIENCE

# म सबै मानिसहरुले भगवानको साँचो नाम जानोस भन्ने चाहन्छु


हामी ह्याप्पी साइन्समा "आत्माको अभिभावक" को बारेमा हाम्रो विश्वास साझा गर्छौ, जसले सबै धार्मिक भिन्नताहरु लाई पार गर्दछ ।

हुन त याहाँ धेरै धर्महरु र धेरै देवताहरु छन् तर सबै देवताहरु सृष्टि गर्नु हुने जुन देवादि देव यस पृथ्वीको साँचो भगवान हुनुहुन्छ ।

जस्को नाम लामो समय सम्म गोप्य राखिएको थियो वहाँको नाम एल कान्तारे हो ।

वहाँ बुद्धको आत्माको मुल चेतना हुनुहुन्छ र जसलाई येसु क्रिष्टले "स्वर्गमा पिता" भन्नु हुन्थ्यो ।

हामी तपाईहरु सबैले हाम्रो आत्माको अभिभावकको अस्तित्व र नाम जान्नुहोस भन्ने चाहन्छौ ।



# एल कान्तारे

उहाँ हाम्रो आत्माको अभिभावक हुनुहुन्छ र सबै देवताहरुको देवता हुनुहुन्छ र अहिले मौलिक बुद्ध वा ब्रम्हाण्डको ईश्वर, पृथ्वीको सर्वोच्च ईश्वरको रुपमा प्रकट हुनु भएको छ ।

## यी सबै समान छन :

- क्रिश्चीयन धर्ममा “स्वर्गका पिता”
- बौद्ध धर्ममा “अनन्त बुद्ध”
- पुरानो ग्रन्थमा ईश्वर
  - जेनेसिसको पुस्तक, “एलोहिम”
- ईश्लाम धर्ममा “अल्लाह”
- हिन्दु धर्ममा सर्वोच्च भगवान “बिष्णु”
- जापानीज सिन्टोमा सृष्टिकर्ता भगवान आमे नो मिओया गामी
- चीनमा तिआण्डी (शाङदी) वा स्वर्गीय सम्राट

माथि वर्णन गरिए अनुसार एल कान्तारेलाई बिभिन्न स्थानहरुमा सर्वोच्च ईश्वरको रुपमा विश्वास गरियको थियो र मानव जगतलाई मार्ग दर्शन गर्न विभिन्न ठाउँहरुमा बुद्ध, हर्मेस, ओफेलिस (ओसिरिस) ओडीन, थोथ् आदि जस्ता उन्का भातृ आत्माहरुलाई पठाईएको थियो ।

# मास्टर च्युहो ओकावा
# पुर्व र पश्चिमलाई जोड्ने पुल

**शाक्यमुनि बुद्ध र हर्मेस, एल कान्तारेको अन्तिम दुई शाखा आत्माहरु, जसलाई पृथ्वीमा पठाइएको थियो, ति पुर्व र पश्चिमका स्तम्भहरु हुन्। ह्याप्पी साइन्सको शिक्षाहरुले यी दुबै विचारहरुलाई एकिकृत गर्दछ र यसले विश्वव्यापी स्तरमा युटोपिया सिर्जना गर्न गुरुको शिक्षाहरु कतिको महत्वपूर्ण छ भनेर देखाउँदछ।**

## बुद्धको पुनर्जन्मको वास्तविक शिक्षा

मैले विगतमा तपाईहरुसँग वाचा गरेको थिए :

म नियमहरुको अन्तिम दिनमा फर्कनेछुँ।
म तपाईहरुसँग बुद्ध भुमि निर्माण गर्नका लागि
मेरो जिवन समर्पित गर्न नियमहरुको अन्तिम दिनमा
पुनः जन्म लिनेछु।
म नयाँ कानुनहरु सिकाउनको लागि नियमहरुको अन्तिम दिनमा यस संसारमा अवतरण गर्नेछु। मैले विगतमा यी प्रतिज्ञा गरेका थिए।
मैले यो वाचा कहिल्यै ताडेको छैन।
अब त्यो नियमहरुको अन्तिम दिन आईसकेका छ।
युगले मलाइ बोलाइरहेको छ र युगले तपाईलाई बोलाईरहेको छ।
(बुद्धको पुनर्जन्म, अध्याय १)




# पश्चिमी र पुर्वी विचार लाई मिलाएर विश्वव्यापी धर्म सिर्जना गर्न

हर्मेसको विचार पश्चिमको मुल थियो भने बुद्धको विचार पुर्वको मुल थियो। जब मानवताले पुर्व र पश्चिम दुवैको अधारभुत विचार, आध्यात्मिक अस्तित्व जसलाई एल कान्तारे भनिन्छ, वाहाँ बाट आएको हो भनि थाहा पाउनेछन् , उनीहरु स्वाभाविकरुपमा ज्ञानको लागि जागृत हुनेछन्। म तपाईहरु सबैले पुर्वी र पश्चिमी विचारको जरा एउटै हो भनेर बुझ्नुहोस भन्ने चाहन्छु।

अहिले म यहाँ दुई विचारहरुलाई एकताबद्ध गरि जोड्न र नयाँ विश्वव्यापी धर्म बनाउने सोचमा आएको छुँ। मानवता युटोपियामा बाँच्न सकोस र उनीहरुलाई खुशीको संसारमा बाँच्न मिलोस भनेर मैले मेरो गतिविधीहरु शुरु गरेको छु। ( सिन्को नो सुसुमे, अध्याय ४ )

**लोककथा - "अबको २५०० वर्ष पछि बुद्ध पुन : अवतरित हुनेछन् ।"**

आधुनिक बौद्ध धर्ममा, यो प्रायः भनिन्छ कि बुद्धले एक पटक ज्ञान प्राप्त गरिसके पछि उहाँको पुनर्जन्म वा पुनः जन्म हुने छैन। जहाँसम्म, वास्तविकतामा, उहाँ आध्यात्मिक प्रशिक्षणको लागि पुनर्जन्मको चक्र बाट मुक्त हुनुहुन्छ। उहाँले मुक्तिका लागि आफ्नो ईच्छामा जन्म लिन सक्नुहुनेछ। अजन्ता गुफाहरुमा बुद्धका अघिल्लो पुनर्जन्म र मैत्रेय, उहाँको भावी पुनर्जन्म को चित्रण गरिएको छ। सो कथा अनुसार बुद्धको पुनर्जन्म २५०० वर्ष पछि हुनेछ भनि उल्लेख गरिएको छ। भविष्यवाणीमा उल्लेख गरिए अनुसार ठिक २५०० बर्ष पछि गुरु ओकावाको जन्म १९५६ मा भएको थियो। त्यहि समयमा विश्वभरिका बौद्ध धर्मका देशहरुमा सन् १९५६ मा बुद्धको निधनको २५०० औं वार्षिकोत्सव मनाईको थियो।





अजन्ता गुफामा चित्रीत बुद्धको चित्रकला मैत्रेयलाई मुकुटमा चित्रण गरिएको छ

# भगवान एल कान्तारे र उहाँका शाखा आत्माहरुको अवतरण

## पृथ्वीको भगवान एल कान्तारे, गुरु र्‍युहो ओकावा

## मास्टर र्‍युहो ओकावा
(हाल)



### अल्फा
पृथ्वीको सृष्टिकर्ता
(३३० मिलियन वर्ष पहिले)



### एलोहिम
भगवान जसले असल र खरावको मुल्य स्तर स्थापित गर्नुभयो
(१५० मिलियन वर्ष पहिले)



**रा मु** (मु महादिप, १७,००० वर्ष पहिले)
राजनितीक र धार्मिक नेता जसले मु सभ्यातालाई शिखरमा पुर्‍याउनु भयो ।



**नेपालका गौतम सिद्धार्थ** (२,५०० वर्ष पहिले)
बौद्ध धर्मका संस्थापक जसले मानवजाती माझ ज्ञानको उच्चतम स्तर प्राप्त गरि बुद्ध बन्नु भयो ।



**थोत** (एटलानटिस, १२,००० वर्ष पहिले)
सर्बसक्तिमान नेता जसले एट्लानटिस सभ्यतालाई सबै पक्षहरुमा फस्टाउन नेतृत्व गर्नु भयो ।



**हर्मेस** (ग्रीस, ४,३०० वर्ष पहिले)
प्रेम र प्रगती सिकाउने धार्मिक नेता जो भूमध्य सागरमा विशाल समृद्धि क्षेत्र निर्माण गर्ने राजा थिए ।
वहाँ पश्चिमी सभ्यता को उत्पति गर्ने नायक बन्नु भयो ।



**रियन्ट अर्ल क्राउड** (प्राचिन इनकान साम्राज्य, ७,००० वर्ष पहिले)
प्राचिन ईनकान साम्राज्यका राजा जसले मनको संसारको रहस्यमय पक्षहरु प्रचार गर्नु भयो ।



**ओफेलिस** (ओसिरिस) (ग्रीस, ६,५०० वर्ष पहिले)
ग्रीसका राजा र इजिप्सियन सभ्यताका पुर्वज जो सँग ठुलो आध्यात्मिक शक्ति, राजनितीक र सैन्य प्रतिभा थियो ।



### आमे-नो-मिओया-गामि
उहाँ जापानीज पिता भगवान हुनुहुन्छ, र एल कान्तारेको मुल चेतनाको नजिक हुनुहुन्छ । ३०,००० वर्ष अधि उहाँ जापानमा आउनुभयो र उहाँको सभ्यता सम्पुर्ण एशियामा फैलियो जस्ले विश्वलाई प्रभावित गर्यो ।

पृथ्वीको भगवान एल कान्तारे, ब्रम्हाण्डको सृष्टिकर्ता जसले मानवजातीको भाग्य निर्धारण गर्नुहुन्छ । त्यसैकारण एल कान्तारेले मानवतालाई मार्गदर्शन गर्नको लागि आफ्नो चेतना र शाखा आत्माको अंशहरु याहाँ पठाउनु हुन्छ । शाक्यमुनि बुद्ध र हर्मेस जस्ता शाखा आत्माहरु धेरै पटक पृथ्वीमा आउनु भयेको छ र धेरै सभ्यताहरु फस्टाउन सहयोग गर्नु भयेको छ । एल कान्तारेको मुल चेतनाको विभिन्न भागहरु विगतमा एक पटक अल्फाको रुपमा र अर्को पटक एलोहिमको रुपमा पृथ्वीमा अवतरित भएको छ । अहिले वहाँको अर्को रुपको अवतरण भएको छ । क्रिश्चियन धर्ममा “प्रभु परमेश्वर” यहुदी धर्ममा “एलोहिम” ईश्लाम धर्ममा “अल्लाह” चीनमा “टियान्डी” र जापानमा “आमे-नो-मिओया-गामि” एउटै - एल कान्तारे हुनुहुन्छ । हामी एक चमत्कारी युगमा बाँचिरहेका छौं भने हामी प्रेमको भगवान र हाम्रो आत्माको अभिभावक एल कान्तारे प्रति आस्था राख्न सक्छौं ।

# भगवान एल कान्तारेको शाखा आत्माहरु

**भगवान एल कान्तारे स्वर्गिय संसारमा एक विशाल चेतना हो । उहाँले विगतका सभ्यताहरुको प्रमुख मोडहरुमा शिक्षाहरु प्रचार गर्न र मानवतालाई मार्गदर्शन गर्न धेरै पटक आफनो शाखा आत्माहरुलाई पृथ्वीमा पठाउनु भयो ।**

## उहाँको मुल चेतना र शाखा आत्माहरु

उर्जाको विशाल शरिर भनिने एल कान्तारेले वहाँको चेतनाका भागहरु यस संसारमा पठाई रहनु भयो । एल कान्तारेको उर्जा शरिर यति ठुलो छ कि उहाँको सम्पुर्ण उर्जा पृथ्वीमा आउन असम्भव छ, त्यसैले उहाँले मानव रुप धारण गर्न र उहाँको विचारहरु र उहाँका धार्मिक पात्रहरुको अंशहरु व्यक्त गर्न पृथ्वीमा एक एक गर्दै उहाँको चेतनाको अंश पठाउनु भयो ।

प्रत्येक आत्मा एल कान्तारे स्वयंम हुनुहुन्छ तर प्रत्येक आत्माले
एल कान्तारेको केवल एउटा पक्षलाई मात्र व्यक्त गर्दछ, वहाँको
सम्पुर्णतालाई होइन् ।

एल कान्तारे काटिएको हिरा जस्तै हुनुहुन्छ, जसको धेरै पक्षहरु छन् ।

(हामी के उपासना गर्छौं, गुरु र स्योजा)

# एल कान्तारेको उपदेश
# “बाँच्नको लागि सम्यक बाटो”


भगवान एल कान्तारे, आत्माहरुका अभिभावकले आध्यात्मिक अर्थमा वहाँका सन्तान “हामीले कसरी बाँच्नु पर्दछ” भनि दिशानिर्देश गर्नुभएको छ। त्यो भनेको एल कान्तारेको आस्था र आधुनिक चार आर्य सत्य मार्ग हो। यो प्रयासरत जीवन बाँच्ने शैली हो। हामी भगवान र बुद्धको मनलाई आफनो हृदयमा लिएर बाँचिरहेका छौ कि छैनौ भनि चार आर्य सत्य मार्ग का साथै आत्म-चिन्तनको अभ्यास द्वारा हामी खुशीको जीवन बिताउन सक्छौ र हाम्रो आत्माहरुमा नाटकिय सुधार आउनेछ।

त्यो के हो जुन म तपाईहरुलाई गराउन चाहन्छु ?
त्यो मलाई स्पष्ट रुपमा बताउन दिनुहोस्।
अहिलेको आधुनिक युगमा कृपया दृढतापुर्वक एल कान्तारे
आस्था स्थापित गर्नुहोस्।
यस आस्थामा बाँच्नु भनेको सच्चा मनको खोज हो।
अहिले यसलाई मैले आधुनिक चार आर्य सत्य मार्गमा
समायोजन गरेकोछुँ। जसमा प्रेम, प्रज्ञा,
आत्म-चिन्तन र उन्नती समावेश छन्।

(नर्कको नियम/अध्याय पाँच)

# आधुनिक चार आर्य सत्य मार्ग के हो ?

आधुनिक चार आर्य सत्य मार्ग भनेको
प्रेम, प्रज्ञा, आत्म-चिन्तन र उन्नतीको वारेमा हो ।
यी चार सिद्धान्तहरुले हाम्रो सुनौलो भविष्य
निर्माण गर्न मद्धत गर्न सक्दछ ।




चार आर्य सत्य मार्ग त्यस्तो शिक्षा हो जुन प्रेम बाट शुरु हुन्छ र
चार सिद्धान्तहरुको चक्रमा आधारित रहेको छ ।

# प्रेम, प्रज्ञा, आत्म-चिन्तन र उन्नतीको क्रम महत्वपुर्ण छ ।

चार आर्य सत्य मार्गमा पहिला प्रेम आउँछ तर यो सुविधाको कारणले होइन् । यो अनिवार्य रुपमा पहिलो पंक्तिमा आउँछ किनभने यो सबैभन्दा महत्वपुर्ण छ । अत: म सबै लाई "पहिले माया गर" भनेर सिकाउँछु । धेरैलाई लाग्न सक्छ ह्याप्पी साइन्सको शिक्षा यति कठिन छ कि उनीहरूले धेरै अध्ययन गर्नुपर्छ र धेरै ज्ञान ग्रहण गर्नुपर्छ । तर चार आर्य सत्य मार्गको शिक्षालाई नजिकबाट हेर्नुहोस् । पहिलो, प्रेम हो । माया गर्ने मान्छे बन्नुहोस । प्रेमले भरिएको व्यक्ति बन्नु हो । मैले चाहेको पनि यही नै हो । प्रेमको सुरुवाती बिन्दु "प्रेम जसले दिन्छ" अत: प्रथम पंक्तिमा मैले तपाईलाई सोधेको कुरा त्यति गाह्रो छैन ।

## प्रेम-दान बाट शुरु हुन्छ

ह्याप्पी साइन्समा खुशी खोज्न आएकाहरुले कुनै न कुनै रुपमा माया प्राप्तिको आशा पनि राखेको हुन सक्छ । यद्धपी, म तपाईलाई पहिले भन्छु । "यो सही मनोवृति होइन । प्रेम दिने बाट शुरु हुन्छ ।" मैले सिकाएको पनि त्यहि हो । यदि अन्य शिक्षाहरु तपाईका लागि गाह्रो छ भने, तपाईले तिनीहरुको वारेमा विर्सिन सक्नुहुन्छ । यदि तपाईले प्रेम शब्दको सामना गर्नुभएको छ भने, सत्यको एउटा कुरालाई बुझ्नुहोस जुन प्रेम प्रदान गर्ने बाट शुरु हुन्छ र यदि तपाई त्यस अनुसार बाँच्न सक्नुहुन्छ भने त्यो धेरै राम्रो हो । "प्रेम प्रदान गर्ने हो" भनि थाहा पाउनु भनेको यस संसारमा मानवको रुपमा स्वर्गिय जीवन बिताउने शुरुवाती बिन्दु हो ।"

## प्रज्ञा- बुद्धको सत्य आर्जन गर्ने

त्यस्को साथै यदि सम्भव छ भने, म तपाईलाई सत्यका धेरै शिक्षाहरु सिक्ने यो अवसर लिनुहोस् भन्ने चाहन्छु । कृपया आफनो आत्मालाई तालिम दिन, संसारलाई राम्रो सँग बुझ्नका लागि आफनो प्रज्ञालाइ गहिरो बनाउनुहोस् ।

## आत्म चिन्तन र उन्नती - मनको सुद्धिकरण र युटोपियाको सिर्जना

त्यसैले, तपाईले आफनो विचार र कार्यहरुमा प्रतिबिम्बित हुन प्रज्ञालाई प्रयोग गर्नुहोस् । यो आत्म-चिन्तन हो । जब तपाईले आफनो गल्ती सच्याउनु हुन्छ र आत्म-चिन्तन द्धारा आफनो मनलाई शुद्ध पार्नु हुन्छ तब त्यो शुद्ध मन लिएर उन्नती तर्फ लाग्नुहोस् । उन्नती युटोपिया तिर जाने बाटो हो । यहि कुरा तपाईहरुले पालना गर्नुहोस् भन्ने म चाहन्छु ।

## तपाईलाई चार आर्य सत्य मार्गको अबलम्बनले असल ब्यक्ति बनाउनेछ ।

चार आर्य सत्य मार्गमा समावेश भएका प्रेम, प्रज्ञा, आत्म-चितन र उन्नती, उन्नती पछि समाप्त हुदैन, बरु प्रेममा फर्किन्छ । जब तपाईले उन्नती गरिरहनुहुन्छ, तपाईलाई त्यसको वैभव र साँसारिक सफलतामा आकर्षित हुन उपयुक्त लाग्न सक्छ । त्यसबेला तपाईले रोकेर सोच्नै पर्छ कि "पर्खनुहोस । मैले प्रेम बाट शुरु गरेँ । मैले प्रदान गर्ने प्रेम बाट शुरु गरें तर मैले यस सँसारमा उच्च प्रगती प्राप्तिको पछि लाग्दा, अन्जान मै म आफ्नो लागि प्रशंसा, प्रतिष्ठा, र उच्च सम्मान कमाउनमा फसेछु" कि ? अनि तपाईले थाहापाउनु हुनेछ कि प्रदान गरिने प्रेम बाट शुरु गरे पनि थाहै नपाई प्रेम दिनुको सट्टा लिईरहनु भएको छ भनेर ।

त्यसकारण तपाई शुरुवाती बिन्दुमा फर्कनु पर्छ: "प्रेम प्रदान गर्ने हो ।" यसरि तपाईले आफ्नो स्तरलाई विस्तारै चार आर्य सत्य मार्ग मार्फत चरणबद्ध रुपमा विस्तार गर्नुपर्दछ । जब तपाई यो चार आर्य सत्य मार्गलाई निरन्तर अभ्यास गर्नुहुन्छ र यसको स्तरलाई बढाउनु हुन्छ, तपाईले आफुलाई मानवको रुपमा विकास गर्नुहुनेछ र तपाईको चारैतिर अझ धेरै उज्यालो छरिनेछ ।

# प्रेमको स्रोत, ईश्वर एल कान्तारे

✦जति तपाई दिनुहुन्छ , त्यतिनै तपाईलाई दिईनेछ।

प्रेमको पुनबृति भगवान एल कान्तारे बाटनै आउँछ, अरु बाट होइन्। जब हामी अरुलाई माया दिन्छौ, हामीले त्यसलाई गुमाउदैनौं र जुन प्रेम हामी प्रदान गर्छौ त्यो प्रदान गर्नेकै लागी हुन्छ। त्यसकारण, बिना कुनै आशा नराखी "प्रदान गरिने प्रेम" मा जिवन बाँच्नु नै महत्वपुर्ण हुन्छ।

## प्रदान गरिने प्रेम

**साँचो प्रेमले खुशी फैलाउँछ।**



**आफ्नो अनुहारमा मुस्कान राख्नुहोस्**

अरुको हृदय उज्यालो बनाउनु, उपचार गर्नु र प्रोत्साहन दिनुनै प्रदान गरिने प्रेमको शुरुवाति बिन्दु हो।



**सहि र छिटो काम गर्नुहोस्**

तपाईले प्रदान गरिने प्रेम प्रदान गर्नुहुन्छ भने यसले तपाईका सहकार्य र समाजमा खुशीको वृद्धि गर्दछ।



**बुद्धको सत्य धर्मको प्रचार गर्नु**

मानिसहरुलाई साँचो भनेर दुःख बाट बचाउनु नै सबैभन्दा उत्तम प्रेम हो।

**थप...**

समय निष्ठता / धार्मिकता / निष्पक्षता / अरुमा राम्रो खोज्ने / दया / आशीर्वाद / सुन्दर शब्दको प्रयोग / स्वच्छता

✦प्रेमको भगवान जसले मानव जीवनलाई पालनपोषण गर्दछ।

प्राकृतिक रुपमा हुने कुरा होइन् तर प्रेम, ईश्वर द्वारा दिईएको हुन्छ। वहाँको नाम ईश्वर "एल कान्तारे" हो र वहाँ देवताहरुलाई एकताबद्ध गर्दै हुनुहुन्छ। वहाँ गुरु र्‍युहो ओकावाको रुपमा अवतरण भई मानवजातिलाई मार्गदर्शन गर्नुहुदैछ।

## प्राप्त गरिने प्रेम

**झुठो प्रेमले दुःख फैलाउँछ।**



**सहानुभुति रेखा चित्र**

गुनासो, गनगन, र निराशावादी मनोवृति र एउटै व्यक्तिको प्रेममा अन्तहिन बोझ बढाउंछ।



**काममा धेरै गल्तीहरु हुन्छन्**

प्राप्त गर्ने प्रेमको कारणले तपाई सँग काम गर्नेहरुको श्रम बढ्छ र दुःख फैलाउँछ।



**प्रसंसाको चाहना**

तपाईले जतिसुकै राम्रो काम गर्नु भएपनि बदलामा केहि आशा गर्ने बितिकै त्यो प्राप्त गर्ने प्रेममा परिणत हुन्छ।

**थप...**

समय र पैसा गुमाउनु / स्वार्थ / ढिपी / ईर्ष्या / छल / असन्तुष्टि / फोहोर

# प्रेमको उच्चस्तर तिर

प्रेमको विभिन्न चरणहरु छन् जसले दिन्छ,

त्यो प्रेमद्धारा तपाईले पनि आफ्नो प्रेमलाई उच्चस्तरमा पुऱ्याउन सक्नुहुन्छ ।

## प्रेम अवतार हो

केहि महान पुरुष र महिलाहरुको प्रेम लाई मानव ईतिहासमा सर्वोच्च स्थानमा राखियेको छ, यो यस्तो प्रेम हो जसलाई युवा अवस्थाको प्रेम भन्न सकिन्छ । संक्षिप्तमा भन्दा, प्रेमको अवतार हरेकको घरमा वा काममा हुन सक्छ ।



## क्षमा गर्ने प्रेम

धार्मिक प्रेमको एक चरण, जुन असल र खराबलाई पार गर्दछ । मानिसहरुको सार लाई भगवान र बुद्धका सन्तानका रुपमा हेरेर, हामी तिनीहरुलाई क्षमा गर्न सक्छौं । "पापलाई धृणा गर्नुहोस्, पापीलाई होईन ।" भन्ने मन ।



## पोषण गर्ने प्रेम

आफ्नो प्रतिभा र प्रयास मार्फत अरुलाई मार्गदर्शन गर्ने नेताको प्रेम । गलत बाटोमा जान खोज्ने व्यक्तिलाई क्रोधको शिक्षाले डोऱ्याउँछ ।




## मौलिक प्रेम

आफ्नो वरिपरि बस्नेहरुका लागि प्रेम, जस्तै आमा बुवा र छोरा  छोरीहरुको लागि प्रेम, आफ्ना छिमेकीलाई प्रेम ईत्यादि । ती व्यक्तिहरुको साथ दिनु जो व्यक्तिले चासो राखेका हुन्छन् ।

# सृष्टि : मानवजाती

यहाँ हामी भगवानले संरचना गर्नु भएको मानव शरिरको आध्यात्मिक संरचनामा जानेछौं ।




### शरिर

भौतिक शरिर आत्मा र मनको लागि एउटा नाउ हो । यो एउटा वाहन जस्तै हो जस्लाई हामी भौतिक रुपमा यस संसारमा चलाउँछौ । त्यसकारण, यसलाई स्वस्थ राख्नु महत्वपुर्ण हो ।

### आत्मा

मानव शरिर जस्तै आकारको आध्यात्मिक उर्जा ।

### मन

यो मस्तिष्क होईन तर आत्माको केन्द्रिय भाग हो र सामान्यतया गोलाकार हुन्छ । यस्को "गोलाकार" प्याजको जस्तो संरचना छ जहाँ प्रत्येक तह स्वर्गको आयामहरु सँग जोडिएको छ र केन्द्रीय भाग भगवानको मन सँग जोडिएको छ ।

## शाक्यमुनिको अहंविहीनताको दर्शनलाई पछिका पुस्ताहरूले गलत बुझे

आध्यात्मिक भाषामा "आत्म" लाई आत्मा भनिन्छ । यदि शाक्यमुनि बुद्धले सिकाएको अनात्मन हो भने, "अहंकार" भन्ने कुरा हुँदैन र आध्यात्मिक भाषाहरूमा "आत्मन" शब्दको अर्थ "आत्मा" र "अहंकार" हो, त्यसैले दुई-तीन सय वर्षमा यो अचम्मको कुरा होइन् । शाक्यमुनि बुद्धको मृत्यु पछि, हीनयान युगमा "अहं" को विचार गलत भयो । आध्यात्मिक भाषामा, "आत्मा" शब्दको अर्थ "आत्मा" र "अहंकार" दुवै हो । त्यसैले हीनयान कालमा शाक्यमुनि बुद्धको मृत्युको करिब दुई वा तीन सय वर्षपछि अहंविहीनताको दर्शनलाई "जब हामी मर्छौं, मृत्युपछि केही बाँकी रहँदैन ।" जब मान्छे मर्छ, त्यो अन्त हो । शाक्यमुनि बुद्धले यस्तो ज्ञान सिकाउनुभयो" भनि भनियो जुन गलत हो ।

# मृत्यु पश्चात तपाई कस्तो संसारमा जानु हुन्छ होला ?

अनन्तता का नियमहरु पुस्तकको आधारमा स्वर्ग र नर्कको ब्याख्या गरिएको छ। मृत्यु पश्चात कहाँ जाने हो त्यो तपाईले पृथ्वीमा कस्तो जीवन बिताउनुभयो त्यसले निर्धारण गर्दछ।

## एल कान्तारे
### ( शाक्यमुनि बुद्धको मुल चेतना )




**नर्क** ※चौथौं आयामको तल्लो भागमा अवस्थित छ।
जीवित रहँदा गरेका गलत विचार र कार्यहरुका लागि आत्म–चिन्तन गर्ने ठाउँ। जबसम्म तिनीहरुले आफ्नो मनमा भएको पश्चाताप नर्कको संसार मा राम्ररि गर्दैनन् तिनीहरु स्वर्गमा फर्कन वा पुनर्जन्म हुन सक्दैनन्।

**आध्यात्मिक संसारको द्वार**
पृथ्वीमा तपाईको जीवनको न्याय र संकल्पले मृत्यु पश्चात तपाई स्वर्ग वा नर्क कता जाने निर्णय गरिन्छ।

### पृथ्वीको भगवान एल कान्तारे

वहाँ परम भगवान पृथ्वीको आत्मा समुहको सर्वोच्च आत्मा हुनुहुन्छ जसले मानवताको सृष्टि गर्नुभयो।

**नवौं आयाम** मुक्तिदाताहरुको संसार

यस संसारमा १० आत्माहरु बस्छन् जो मानव आत्माको रुपमा उच्चतम तहमा संलग्न भएका छन्।

**आथौं आयाम** महान व्यक्तित्वहरुको संसार

यस संसारमा रहेका आत्माहरुले सभ्यता र संस्कृतिहरुको उच्चाईको सिर्जना गर्दछ र माजवजातीलाई ईश्वरको प्रतिनिधिको रुपमा प्रबुद्ध बनाउँछ।

**सातौं आयाम** स्वर्गदुतहरुको संसार

देवदुतहरु र वोधिसत्वहरु जसले यस संसारको भगवान लाई प्रेम गरी परोपकारी भएर बस्छन्।

**छैठौं आयाम** विशेषज्ञहरुको संसार

जसले ठुला ठुला उपलब्धिहरु हासिल गर्छन्, समाजको उन्नतीमा मदत गर्छन् र जसको हृदय सुन्दर हुन्छन् ती यस संसारमा जान्छन्।

**पाँचौं आयाम** पकारीहरुको संसार

जो परोपकारितामा जागृत भएकाहरु र धेरै वा थोरै आस्था भएकाहरु यस संसारमा फर्किन्छन्।

**चारौं आयाम** परीको संसार

जो आध्यात्मिकरुपमा पुर्ण जागृत भएका छैनन् वा पृथ्वीमा विताएका कृयाकलापहरु लाई ईमान्दारिपुर्वक पश्चाताप गरेका छैनन् उनीहरु यस संसारमा जान्छन्।

**तेश्रो आयाम** यो संसार

अहिले बाँचिरहेको संसार। यो संसार आत्माहरुको विकाशका लागि प्रशिक्षण स्थल हो।

# अनन्त यात्राहरु

हामीले पुनर्जन्म गर्नु अघि, हामी हाम्रो जीवनको योजना बनाउँछौं र यसलाई आध्यात्मिक विकासको लागि हाम्रा आवश्यकताहरू अनुरूप ढाल्दछौं । हामीले योजना गर्न सक्ने जीवनको अनन्त सम्भावनाहरू छन् र हामीले त्यो जीवन जिउने क्रममा, हामी कसरी बाँच्नेछौं र हामीले कस्तो प्रकारको ज्ञान प्राप्त गर्नेछौं भन्ने कुराको परीक्षा गर्दछौं । कसरी एउटा व्यक्तिले आफ्नो पुनर्जन्मको योजना परिवर्तन गर्न सक्छ भन्ने यो एउटा उदाहरण हो ।

## यो संसार



कुनै समय.......
तपाईं आफ्नो देशको लागि बहादुरीका साथ लड्ने सिपाहीको रूपमा बाँच्नुहुन्थ्यो ।



त्यसैले अर्को जन्ममा तपाई अरुको सुखको लागि प्रार्थना गर्ने भिक्षु बन्न सक्नु हुनेछ ।



त्यसैले अर्को जन्ममा युवाहरूलाई प्रेरणा दिने शिक्षक बन्न सक्नु हुनेछ ।

## अर्को संसार




तर जब तपाईं स्वर्गमा फर्कनु हुनेछ, तपाईंले युद्धको समयमा अरूलाई दिएको पीडा महशुस गर्नु हुनेछ र त्यो दुःखको लागि प्रायश्चित गर्न चाहनुहुनेछ ।




तर जब तपाईं स्वर्गमा फर्कनु हुनेछ, तपाईंहरुले चीजहरू परिवर्तन गर्न चाहनुहुनेछ । तपाईं धेरै पटक पुरुषको रूपमा जन्मिनुभएको छ भने, तपाईंले महिलाको रूपमा जन्मन चाहनु हुनेछ ।

कृपया ध्यान दिनुहोस् कि यो जीवनको जुन योजना हामी बनाउँछौं, यसको मतलब यो होइन कि हाम्रो जीवन १०० % पूर्वनिर्धारित छ । हाम्रा कार्यहरू र निर्णयहरूले वास्तवमा हाम्रो जीवनलाई आकार दिनेछ ।




# घृणा परास्त

संसारमा, सांस्कृतिक, जातीय अथवा धार्मिक भिन्नताहरुका कारण केही देश र मानिसहरू बिच घृणा गर्ने मानिसहरू छन् ।
तर के हुन्छ यदि हामीले तिनीहरूलाई भन्यौं कि तिनीहरूले घृणा
गर्ने मानिसहरू वास्तवमा विगतको जीवनमा तिनीहरूका साथीहरू हुन सक्छन ?
वास्तवमा, हामी मानिसहरू विभिन्न देशहरूमा विभिन्न जातिहरूको रूपमा पुनर्जन्म भयेका हुन्छौं । हामी जो सँग युद्धमा छौं ती मानिसहरू हाम्रो अघिल्लो जीवनमा हाम्रो परिवार हुन सक्छन् । जुन देशसँग हामी युद्धमा छौं, त्यो हाम्रो अघिल्लो जन्ममा हाम्रो प्यारो मातृभूमि हुन सक्छ । अरूहरु संग अथवा ति ठाउँहरूसँग हाम्रो त्यस्तो सम्बन्ध हुन सक्छ भन्ने बुझेर, हामी तिनीहरूप्रति अझ सहिष्णु बन्न सक्छौं र बिस्तारै हाम्रो गलत बुझाई र घृणालाई हटाउन सक्नेछौं ।



विगतको जीवन

तपाईं दाजुभाईको रूपमा जन्मनुभएको हुन सक्छ र सँगै सरल जीवन बिताएको हुन सक्छ ।



हालको जीवन

अहिले, तपाईं दुवै एक अर्कासँग युद्धमा रहेका देशहरूमा जन्मनुभएको हुन सक्छ ।

## शाक्यमुनि बुद्धको जातिय भेदभावलाई पार गर्ने शिक्षा

बुद्धले भन्नुभयेको थियो, कि
"कर्मले ब्राह्मण, कर्मले क्षत्रिय, कर्मले वैश्य र कर्मले शूद्र बन्छ ।"
बुद्ध वा ईश्वरको सेवा गर्ने ब्राह्मण हो, योद्धाको रूपमा काम गर्ने क्षत्रिय हो,
ब्यापारिक कार्यमा संलग्न हुने व्यक्ति वैश्य हो र जस्ले पतनमा परेर अरूको अपमान गरेर जीवन बिताउंछ, त्यो व्यक्तिको मूल्य उसको कर्मले निर्धारण गर्दछ ।
यो नै सही मापदण्ड हो, त्यसैले म भन्छु, "मानव जातिको मूल्य र तिनीहरू कसरी बाँच्नुपर्दछ भन्ने बारे नयाँ नजर राखौं ।"

# आफनो शुद्ध मन पुनः प्राप्त गर्नुहोस्

जति समय बिते पनि मनको अस्तित्व र मनको संयन्त्र परिवर्तन हुदैन । त्यसैकारण मनको बारेमा सिक्नु अति आवश्यक छ । हामी बाँच्दा, हाम्रो मन सांसारिक ईच्छाहरुले भरिएको हुन सक्छ तर हामीले हाम्रो जीवन सांसारिक ईच्छाहरुमा हावी हुन नदिन होसियार हुनुपर्छ ।

हामीले यसलाई कसरी नियन्त्रण गर्छौं त्यसले असर पार्दछ । सांसारिक ईच्छाहरुले दु:ख निम्त्याउन सक्छ तर यसलाई नियन्त्रण गरेर, हामी आफ्नो मनलाई शुद्ध पार्न सक्छौं । जस्ले हामीलाई स्वर्गसँग जोडि दिन सक्छ ।



## तर पहिले, हामी को हौ र के हौं ?

हामी, मानवहरू, वास्तवमा भगवानद्वारा सृष्टि गरिएका हौं र ईश्वरका सन्तान हौं । हामी भौतिक शरीर भित्र बस्ने आध्यात्मिक प्राणी हौं । पृथ्वीमा हाम्रो जीवन बाँच्न अघि, हामी स्वर्गमा बस्थ्यौं र हाम्रो मन शुद्ध थियो । हाम्रो मन शान्त ताल जस्तै शान्तिमय थियो र हाम्रो मन स्वर्ग सँग जोडिएको छ ।




## सांसारिक ईच्छाहरूले मनमा बादल बनाउँछ

भौतिक शरीर लियेर यस संसारमा बस्दा त्यस्ले हामीलाइ "भुस" जस्तै बिकशित गर्दछ अथवा त्यस्ले सांसारिक अव्यवस्था विकास गर्न नेतृत्व गर्न सक्दछ । यदि हामी हाम्रो भौतिक शरिर नै हाम्रो वास्तविक आत्मा हो, भन्ने सोच्दछौं भने सांसारिक ईच्छाहरू प्राप्त गर्नु नै हाम्रो जीवनको मुख्य लक्ष्य बन्नेछ । तसर्थ, बादलले भरिएको दिमागले हामीलाई नकारात्मक प्रभावहरू र आत्माहरूको लागि अति संवेदनशील बनाउनको साथै जीवनमा सही मार्गबाट टाढा लान सक्छ ।

# आत्म-प्रतिबिम्बको लागि ८ पक्षहरू

# पवित्र अष्टागिंक मार्ग को खोज

पवित्र अष्टागिंक मार्ग शाक्यमुनी बुद्धले आफ्नो विचार र कार्यहरूमा प्रतिबिम्बित गर्ने तरिकाको रूपमा सिकाएको आठ दिशा निर्देशनहरूको ढाँचा हुन् । जस्लाई गुरु र्‍युहो ओकावाले यसलाई आधुनिक परिप्रेक्ष्यबाट पुनः व्याख्या गर्नु भयेको छ । प्रतेक दिन हामीले गरेका हाम्रा "पापहरू" र "नगरेका पापहरू" को समीक्षा गरौं, हाम्रो दिमागबाट अशुद्धताहरू हटाऔं, र बुद्धको सन्तानको रूपमा हाम्रो उज्यालो आत्मालाई पुनः प्राप्त गरौं ।

| | |
|---|---|
| **1. सम्यक् दृष्टि** | दिमागमा सही विश्वासका साथ हामी हाम्रा सम्बन्धहरू हाम्रो जीवन शैली र संसारलाई सफा ऐनामा हेर्छौं, पूर्व-अकल्पनीय धारणाहरू बिना र हाम्रो आफ्नै विचारहरू सुधार्नको लागि फर्केर हेर्छौ । |
| **2. सम्यक् बिचार** | हामीमा आत्म-संतुष्टी छैन, क्रोधित, गुनासो, वा अरूलाई तथा वातावरण लाई दोष दिने दिमाग छ भने आत्म-चिंतन मार्फत सही धारणाहरू बिकाश गर्नु पर्छ । |
| **3. सम्यक् वाणी** | कतै हामीले झुटो बोल्यौं कि चापलुसी गर्यौं कि वा हाम्रा शब्दहरूले मानिसहरू लाई चोट पुर्‍याउँछौं कि ? त्यस विपरित, हामीले अरूलाई प्रोत्साहन दिने सकारात्मक शब्दहरू बोलेका छौं कि छैनौं त्यो जाँच गर्नुपर्छ र त्यसलाई सच्चाउनु पर्छ । |
| **4. सम्यक् कर्म** | हामीले हिंसा वा चोरी जस्ता "गलत कार्यहरू" गरेका त छैनौं ? काममा, हामीले अरूलाई मद्दत गर्न सक्दो सहयोग गर्यौं कि गरेनौ भनेर आत्मलोचन गर्नुहोस् । |
| **5. सम्यक् जीवन** | हामी अनुशासित जीवन बिताउँछौं वा बिताउदैनौं, दिनको सबै समय प्रयोग गर्छौं वा गर्दैनौ, आफ्नो जीवनशैलीलाई प्रतिबिम्बित गर्नुहोस् र भविष्यमा लगानी गर्ने समय निकाल्नुहोस् । |
| **6. सम्यक् प्रयत्न** | हामीले बुद्धको सत्यलाई आफ्नो वास्तविक जीवनमा लागु गरेर भगवान र बुद्धको लागि प्रयास गरेका छौं कि छैनौ ? हामीले बाठो भयेर दुष्ट विचार र कामहरूबाट बच्नलाई लापरवाही वा अल्छी मष्तिस्क उत्पादन गरेका त छैनौं भनेर आत्मलोचन गर्नुहोस् । |
| **7. सम्यक् संक्ल्प** | हामीले योजना बनाएर जीवनको दिशा निश्चित गरेका छौं कि छैनौं । दुःखी तुल्याउने विचारहरू जाँच गर्नुहोस् र लक्ष्यहरू निर्धारित गर्नुहोस् जसले तपाईंलाई र अरूलाई खुसी बनाउन सकोस् । |
| **8. सम्यक् ध्यान** | यदि हामी आत्म-चिंतन, ध्यान, वा प्रार्थना जस्ता आध्यात्मिक एकाग्रताको लागि समय लगाउँछौ भने हामीले हाम्रो मनलाई शान्त राख्नुपर्छ, स्वर्गीय प्रकाश प्राप्त गर्नुपर्दछ, र भगवान वा बुद्धसँग एकाग्र हुने मनस्थिति प्राप्त गर्ने प्रयास गर्नुपर्छ । |




## लोभ

प्राप्त गर्ने अत्यधिक इच्छाले कहिल्यै सन्तुष्टी महसुस हुदैन् । लोभका केही उदाहरणहरू पैसा, खाना, वासना, प्रसिद्धि, हैसियत र प्रेमको अत्यधिक इच्छा हुनु हो ।

**यसलाई नियन्त्रण गर्न सुझावहरु :**

•सन्तुष्ट हुन सिक्नुहोस, आफुले खोजेको कुराको योग्य हुनुहुन्छ कि हुन्न त्यो बिचार गर्नुहोस् । तपाईले के खोज्नुहुन्छ

•तपाईंसँग पहिले नै भएका कुराहरूको सूची बनाउनुहोस् र त्यस्मा हृदयदेखि कृतज्ञताको अभ्यास गर्नुहोस् ।

---




## क्रोध

क्रोधमा उड्ने प्रवृत्ति ।
क्रोध एउटा पशुवादी प्रवृत्ति हो र प्रायः ईर्ष्या तथा हिनताबोधले जटिलता निम्त्याउंछ ।

**यसलाई नियन्त्रण गर्न सुझावहरु :**

•रिसाउनु अघि दश सम्म गन्दै गहिरो सास फेर्नुहोस । यसले तपाईको मनलाई शान्त गर्नेछ ।

• रिसको कारण के हो भनेर सोच्नुहोस र यसको पछाडीको कारण हेर्नुहोस् ।

---





## मुर्खता

आध्यात्मिक सत्यको बारेमा अनभिज्ञ हुनु वा बुद्धिको कमी हुनु । यी गुण ती व्यक्तिहरूमा देख्न सकिन्छ जो आफ्नो वर्तमान अवस्था वा असफलताको बारेमा विलाप गर्ने र गुनासो गर्ने गर्छन् ।

**यसलाई नियन्त्रण गर्न सुझावहरु :**

•अरूलाई दोष दिनुले तपाईको समस्याको समाधान कहिल्यै हुँदैन । तपाई अरुलाई बदल्न सक्नुहुन्न तर आफैलाई बदल्न सक्नुहुन्छ ।

•मनको शिक्षा, जीवनको अर्थ र विश्वास जस्ता आध्यात्मिक सत्यको बारेमा पढ्न केही समय निकाल्नुहोस् ।




## अहंम

जो मानिसहरू अरूलाई तुच्छ ठान्दछन् र अहंकारी भई आफूलाई उत्तम मान्दछन् । उनीहरू आफूभन्दा अरू राम्रो हुन सक्छन् भन्ने कुरालाई स्वीकार गर्न सक्र्दनन् ।

**यसलाई नियन्त्रण गर्न सुझावहरु :**

- अरूको मद्दतलाई ध्यान दिनुहोस् र तिनीहरूको सहयोग बिना तपाईं यहाँसम्म पुग्न सक्नुहुने थिएन भन्ने महसुस गर्नुहोस् । सबैसँग केहि विशेष हुन्छ ।
- किन सबै काम नलाग्ने मुर्ख छन् ?

---




## शंका

शंकालु र शंकास्पद मन हुनु । यो गुण ति मानिसहरूमा देख्न सकिन्छ जस्ले मानिसहरू अथवा ईश्वरको कृपामा विश्वास गर्न सक्दैनन् ।

**यसलाई नियन्त्रण गर्न सुझावहरु :**

- मानिस र समाजको राम्रो पक्षलाई हेर्ने प्रयास गर्नुहोस् । खराब पक्षहरूमा ध्यान केन्द्रित गर्नाले तपाईंलाई कहिल्यै खुसी बनाउँदैन् ।
- शान्तीपूर्वक स्थितिको मूल्याङ्कन गर्नुहोस् । सायद हामीले ठूलो तस्वीर नदेखेर नकारात्मक प्रतिक्रिया दिईरहेका छौं ।

---




## गलत दृष्टिकोण

जीवनलाई हेर्ने गलत तरिकाहरू जस्तै, ईश्वर को अस्तित्व, वा आत्माको संसारमा विश्वास नगर्ने प्रयासहरु । सोच्ने यी तरिकाहरूले तपाईंको जीवनलाई छुट्टै आकार दिनेछ र तपाईलाई सत्यसँग मेल नखाने जीवन बाँच्न नेतृत्व गर्नेछ ।

**यसलाई नियन्त्रण गर्न सुझावहरु :**

- समाचारबाट सिक्नु महत्वपूर्ण कुरा हो तर जानकारीलाई जस्तो छ त्यस्तै लिनु हुदैन् । विभिन्न परिप्रेक्ष्यहरूको बारेमा अध्ययन गरेर उच्च परिप्रेक्ष्य प्राप्त गर्नुपर्छ ।

## सफलताको परिभाषा

सफलता शाश्वत वृद्धि हो ।
सफलता शाश्वत प्रगति हो साहसको अनन्त जोशबाट
सफलताको मुद्दाहरू प्राप्त हुन्छ सफलता अनन्त साहसबाट उत्पन्न हुन्छ ।
सफलता अनन्त प्रयासबाट उत्पन्न हुन्छ ।
सफलताले अनन्त मुल्य सिर्जना गर्दछ ।



## बुद्धभूमी युटोपिया सिर्जना गर्नुको अर्थ

शब्दको सांसारिक अर्थमा, म आशा गर्छु कि सत्य सिक्ने मानिसहरू सफल हुनेछन्, किनभने त्यसो गर्दा हाम्रो प्रभावको शक्ति बढ्नेछ । मलाई आशा छ कि मानिसहरू हामीसंग धेरै संलग्न हुने छैनन् अत्यधिक लोभ, कामप्रतिको मोह, पदोन्नतिको लालसाले उनीहरु हामीसंग संलग्न हुने छैनन् । त्यसको सट्टामा, म सत्य सिकेका मानिसहरूलाई सफलता हासिल होस र वरपरका मानिसहरूमाथि ठूलो प्रभाव प्रदान गरोस भन्ने आशा गर्छु । मलाई आशा छ कि उनीहरूले यस संसारबाट अर्को संसारमा आफुसँगै लान सक्ने प्रकारको आनन्द प्राप्त गर्नेछन् ।



## मनको मनोवृत्तिले मानिसलाई आफु जस्तो बनाउँछ ।

हाम्रो जीवनमा सबैभन्दा महत्वपूर्ण कुरा भनेको हामी सधैं के सोचिरहन्छ भन्ने हो । तपाईंले कुनै एक दिन गर्नुभएको विचारले तपाईंको जीवनमा महत्वपूर्ण प्रभाव पार्ने छैन । तर तपाईंले एक वर्ष, तीन वर्ष, पाँच वर्ष, दश वर्ष वा बीस वर्षको अवधिमा सबै समयमा के सोचिरहनु भएको छ ति विचारहरूले तपाईं को हुनुहुन्छ भन्ने निर्धारण गर्दछ । तपाईको दिमागको मनोवृत्ति महत्वपूर्ण कुरा हो । दिने एउटा तरिका हो ।

## त्यसोभए, हाम्रो जीवनमा कामको उद्देश्य के हो ?

सामान्यत मानव प्रकृतिसँग काम स्वयंको धेरै नजिकको सम्बन्ध छ । हामी काम गर्ने इच्छाले भरिएका छौं । यो योग्यता हामीले जन्मैदेखि पायेको कुरा हो, हामीले जीवनमा प्राप्त गर्ने कुरा होईन । ईश्वर स्वंयले हामीलाई ईश्वरको छोराछोरीहरू सृष्टि गर्ने, काम गर्ने क्षमता दिनुभएको हो । यो उहाँको सृष्टिको आनन्द साझा गर्न अनुमति दिने एउटा तरिका हो ।



## प्रेमको उपग्रह, पृथ्वीमा युटोपिया सिर्जना गर्दै



कामको माध्यमबाट, तपाईंले आफ्नो र अरू, दुवैको लागि खुशी वा दु:ख सिर्जना गर्न सक्नुहुन्छ र यो सबै तपाईंले रोप्ने बीउमा निर्भर गर्दछ । त्यसैले प्रभाव पार्छ कि पछिको जीवनमा तपाईं स्वर्गमा जानुहुन्छ वा नर्कमा । त्यसकारण, जतिसुकै कठिन काम गर्न परोस, हामीले यो बिर्सनु हुँदैन कि हाम्रो अन्तिम लक्ष्य भनेको हाम्रो आत्माको विकास गर्नु, प्रेम दिनु र पृथ्वीमा युटोपिया बनाउन सक्दो प्रयास गर्नु हो ।



# एल कान्तारे विश्वास मार्फत शान्ति र सौन्दर्यको संसार सिर्जना गर्दै

संसारभरी विभिन्न धर्मले आ-आफ्ना देवतालाई विभिन्न नामले पुकार्छन् । तर तपाईलाई थाहा हुनुपर्दछ कि, अन्ततः तिनीहरू सबै भगवान एल कान्तारे सँग जोडिएका छन् । जब यस संसारका सबैले यो सत्यलाई बुझ्छन् र एल कान्तारे माथीको विश्वासद्वारा एक हुन्छन् । पृथ्वी पक्कै पनि सुन्दरता र शान्तिको ग्रह बन्नेछ ।

## एल कान्तारे शब्द, पृथ्वी को भगवान

म तपाईहरुलाई भन्दैछु कि ।

मानवजातिले साँचो ईश्वरका वचनहरू सिक्नुपर्छ,

उनीहरूमा रहेको भिन्नताहरू हटाउन, मेलमिलाप

र विकास गर्ने प्रयास गर्नुपर्छ ।

यो एल कान्तारेका शब्दहरू हुन्, पृथ्वीको भगवान ।

(आस्थाका नियमहरु, अध्याय ६)

## आत्माहरूको लागि प्रशिक्षण स्थलको रूपमा पृथ्वीको रक्षा गर्नुहोस्

वास्तवमा, मेरो चाहना भनेको, पृथ्वीलाई धेरै आत्माहरूको लागि पुनर्जन्म र भविष्यको जीवनमा पनि आध्यात्मिक प्रशिक्षण प्राप्त गर्ने ठाउँको रूपमा कायम राखौ भन्ने हो ।

म धेरै मानिसहरूलाई यो पनि बुझाउन चाहन्छु कि

अन्तरिक्ष प्राणीहरूको नजरमा, यो पृथ्वी आत्माहरूको लागि

धेरै मनपर्ने प्रशिक्षण स्थल हो ।

(नर्कको नियम, अध्याय ५)

# बुद्धको सत्यता अन्तर्गत पृथ्वीका मानिसहरूलाई एकताबद्ध गर्नुहोस्

विश्वलाई शान्ति चाहिन्छ ।

२०औं शताब्दीमा एकै समयमा भौतिकवाद र नास्तिकता व्याप्त थियो, यो युद्धको शताब्दी थियो ।

जे भये पनि, २१ औं शताब्दीमा हाम्रो भविष्य केले खुल्छ भने त्यो मैले सिकाएको बुद्धको सत्यले नै हो । जब बुद्धको सत्य सारा संसारमा फैलिनेछ, मानिसहरूको मन एक हुनेछ, र पृथ्वी वास्तवमै प्रेम, सौन्दर्य र सद्भावले भरिएको संसार हुनेछ । पृथ्वीका मानिसहरूलाई एकताबद्ध गर्नुहोस् ।

एकमात्र बुद्धको सत्यता अन्तर्गत पृथ्वीलाई एकबद्ध गर्नुहोस् ।



# गुरु र्‍युहो ओकावाको जीवनी



हृयाप्पी साइन्स समुहका संस्थापक तथा सी ई ओ

## गुरु र्‍युहो ओकावा

**प्रोफाईल |** गुरु र्‍युहो ओकावाको जन्म जुलाई ७ ,१९५६, तोकिसिमा, जापान मा भएको थियो। टोकियो युनिभर्सिटीबाट कानूनको प्रमाणपत्र लिएर स्नातक गरेपछि वाहाँ टोकियो स्थित ट्रेडिङ हाउसमा सामेल हुनु भयो। १९८२ मा, वाहाँले महान ज्ञान प्राप्त गर्नभयो र सबै मानवजातिको लागि मुक्ति ल्याउने अभियानको साथै वाहाँलाई एल कान्तारे हुँ भन्ने सचेतना भयो। सन् १९८६ मा वाहाँले हृयाप्पी साइन्स स्थापना गर्नु भयो। अहिले विश्वभरका १७० देशहरूमा यसका सदस्यहरू छन्, जसमा ७०० भन्दा बढी शाखाहरू र मन्दिरहरू साथै विश्वभरि १०,००० मिसनरी घरहरू छन्। उहाँले ३,५०० भन्दा बढी प्रवचनहरू दिनुभएको छ (जसमध्ये १५० भन्दा बढी अंग्रेजीमा छन्) र ३,१०० भन्दा बढी पुस्तकहरू प्रकाशित छन् (जसमध्ये ६०० भन्दा बढी आध्यात्मिक अन्तर्वार्ता श्रृङ्खला छन् ) र ती मध्ये कतिपयलाई ४२ भाषाहरूमा अनुवाद गरिएको छ सुर्यको नियमहरु र नवीनतम कानुनको श्रृंखला, नर्कका नियमहरु सँगै, धेरै पुस्तकहरू बेस्ट सेलर तथा मिलियन से लर भएका छन्। हालसम्म हृयाप्पी साइन्सले वाहाँको सुपरिवेक्षणमा वाहाँको मौलिक कथा र धारणामा २७ वटा चलचित्र निर्माण गरि सकेको छ भने वाहाँ कार्यकारी निर्माता पनि हुनुहुन्छ। वाहाँले ४५० भन्दा बढी गीत र संगीत रचना गर्नु भयेको छ।


गुरु ओकावाले हृयाप्पी साइन्स एकेडेमी (जुनियर र सिनियर हाई स्कूल), हृयाप्पी साइन्स युनिभर्सिटी, हृयाप्पिनेस रियलाइजेशन पार्टी, र मिडिया समूहहरू - न्यु स्टार प्रोडक्सन र ए आर आई प्रोडक्सन पनि स्थापना गर्नु भयेको छ। जसका गतिविधिहरू राजनीति, शिक्षा, मिडिया, र संस्कृति र कला जस्ता विभिन्न क्षेत्रहरूमा फैलिएका छन्।

# माहान ज्ञान
# “अनन्त बुद्ध” को लागि जागृत ।

पहिला गुरु र्‍युहो ओकावाले महान ज्ञान प्राप्त गर्नु भयो र “एल कान्तारे” अनन्त बुद्धको रूपमा आफ्नो अभियानमा जागृत हुनु भयो । निम्न दृष्टान्तहरूद्धारा वाहाँको पद चिन्ह द्वारा सम्पूर्ण मानवजाति माझ उहाँको नाम सघोषित भयेको छ ।

**“ईईसिरासे” शब्दको अर्थ क्रिश्चियन शब्दहरूमा “सुसमाचार” हो, त्यसैले मैले सहजै महसुस गरें कि कुनै प्रकारको आध्यात्मिक जागरण भएको थियो ।**

र्‍युहो ओकावा द्वारा
“सूर्य को नियम” बाट ।



## २३ मार्च, १९८१
## माहान ज्ञान

गुरु ओकावाले टोकियो विश्वविद्यालयबाट स्नातक गर्न लाग्नु भयेको समयमा, अतित तिर फर्केर आफ्नो जीवनलाई कुनै बिन्दुमा प्रतिबिम्बित गर्दै गर्नु हुँदा २३ मार्च, १९८१ मार्चको दिउँसो, वाहाँलाई “कसैले सन्देश पठाउन खोज्दैछ” भन्ने महसुस भयो । त्यसैले वाहाँले पेन्सिल उठाउनु भयो, र त्याहाँ स्वचालित रुपमा शब्द “ईईसिरासे” लेखियो । त्यो “महान ज्ञान” को क्षण थियो जब गुरु ओकावाले आध्यात्मिक आत्मज्ञान प्राप्त गर्नुभयो । त्यसै बेलादेखि, आत्मिक संसारसँग तीव्र रूपमा वाहाँको सञ्चार सुरु भयो ।

# जुलाई, १९८१

## “एल कान्तारे” को रूपमा वाहाँले आफ्नो मिशनको बारेमा बताउनु भयो



महान ज्ञान प्राप्त भएको तीन महिना पछि, येशु क्रीष्टले गुरु ओकावामा अवतरण भयेर स्वर्गीय क्षेत्र हरूसँग कुराकानी गर्न शुरु गर्नु भयो। त्यस्को लगतै जुलाईमा, गुरु ओकावाको आत्मिक भाइ शाक्यमुनि बुद्धले उहाँलाई मास्टर ओकावामा “एल कान्तारे” भनिने आत्मा भएको बताउनुभयो। जसको एउटा नयाँ विश्व धर्म सिर्जना गर्ने अभियान हुनेछ। जसले विभिन्न धर्महरूलाई एकीकृत गर्नुहुनेछ र नयाँ सभ्यता खोल्नु हुनेछ। गुरु ओकावा एक आध्यात्मिक प्राणी हुनुहुन्छ र वाहाँलाई “एल कान्तारे” भनिन्छ भनेर भन्नु भयेको थियो।

# अक्टोबर, १९८१


## ह्याप्पी साईन्सको आधार




एउटा व्यापारिक कम्पनीमा काम गर्दा, मास्टर ओकावाले आध्यात्मिक सन्देशहरूको श्रृंखला प्रकाशित गर्नु भयो र धार्मिक नेताको रूपमा उभिन तैयार हुनु भयो। १९८६ मा, स्वर्गीय क्षेत्रका उच्च आत्माहरू द्वारा उहाँलाई मुक्तिदाताको रूपमा स्थापित हुने समय आएको छ भनेर सुचित गरिएको थियो अतः उहाँले कम्पनी छोडेर आफ्नो स्वतन्त्र गतिविधिहरू सुरु गर्नुभयो। त्यस वर्षको अक्टोबरमा, वाहाँले ह्याप्पी साइन्सको स्थापना गर्नुभयो र सम्पूर्ण मानवजातिको मुक्तिको लागि आफ्नो आन्दोलन सुरु गर्नुभयो।

# १५ जुलाई, १९९१
# एल कान्तारेको घोषणा

## तपाईको अगाडि उभिने र शाश्वत सत्य सिकाउने व्यक्ति एल कान्तारे हुनुहुन्छ।



यसको स्थापना भएदेखि नै, ह्याप्पी साइन्सले “सबै मानव जातिलाई बचाउने” र “बुद्धल्याण्ड यूटोपिया सृजना गर्ने” भन्ने नाराहरू अन्तर्गत द्रुत रूपमा यसलाई विस्तार गरेको छ र जापानको सबैभन्दा ठूलो धार्मिक संस्थाहरू मध्ये एक हुन सफल भएको छ।

जुलाई १५, १९९१ मा, मास्टर ओकावाल ५०,००० मानिसहरूको उपस्थितिमा टोकियो डोममा आयोजित ईश्वरको अवतरण समारोहमा मानवताको सृष्टि गर्ने अनन्त बुद्ध “एल कान्तारे” लाई पृथ्वीको सर्वोच्च ईश्वर र अनन्त बुद्धको रूपमा घोषणा गरियो। यो बत्तीस वर्ष यता सत्य धर्मको मशाल विश्वका १७० भन्दा बढी देशमा फैलिएको छ

# आजै ह्याप्पि साईन्सको सदस्य बन्नुहोस्

विश्वास हुनु हामी सबैको लागि धेरै महत्त्वपूर्ण छ किनभने यो मानव हुनुको आधार हो र यस्ले मानवतालाई एकेबद्ध बनाउन सक्छ। हामीसँग दुई प्रकारको सदस्यता उपलब्ध छ।

## समर्पित सदस्य हुनु

त्रि रत्न (बुद्ध, धर्म र संघ) प्रति भक्तिको प्रतिज्ञा गरेर समर्पित सदस्य बन्नु भनेको आत्माको वास्तविक मुक्ति प्राप्त गर्ने मार्गमा प्रवेश गर्नु हो। समर्पित सदस्यको रूपमा, तपाईं शिष्य बन्न सक्नुहुन्छ र संसार मा खुशी फैलाउने कार्यमा भाग लिन सक्नुहुन्छ।

## गोहोन्जोन – उपासनाको प्रतिक

ह्याप्पी साइन्समा उपासनाकोलागी प्राथमिक वस्तु भनेको एल कान्तारे चेतना नै हो, र पृथ्वीमा रहेको ऱ्युहो ओकावाको प्रतीक भनेको प्राथमिक गोहोन्जोन नै हो। सामान्यतया, मानिसहरू यो गोहोन्जोन तिर प्रत्यक्ष रूपमा हेर्न वा प्रार्थना गर्न असमर्थ हुन्छन्। त्यसैले एउटा धार्मिक समूहको रूपमा, उपासनाको प्रयोगको रूपमा गोहोन्जोनको विकल्प चाहिन्छ।

धेरै स्योजाहरुमा अवस्थित एल कान्तारेको मुर्ति, उदाहरणका निम्ति वैकल्पिक गोहोन्जोन हो।


गोहोन्जोन


तपाईलाई घरको लागि गोहोन्जन ग्रहण गर्ने अनुमति पनि दिइएको छ।

यो उपासनाको वैकल्पिक वस्तु हो जसले हामीलाई एल कान्तारे सँग जोड्दछ।

तपाईलाई यस शैलिमा पुजा गर्ने अनुमति दिईएको छ। (आस्था र हामी के पुजा गर्छौं, अध्याय २)

## सदस्यता

यदि तपाइँ समर्पित सदस्य बन्ने निर्णय गर्नु अघि हामीसँग सामेल हुन चाहनुहुन्छ भने, तपाईं सदस्य बन्न "बुद्धद्वारा बोलिएका सत्य वाणीहरू, "ईश्वर सँग प्रार्थना" र "संरक्षक र पथ प्रदर्शक आत्माहरू प्रति प्रार्थना" पढेर सुरु गर्न सक्नुहुनेछ।







## ◆ अ प्रेयर अफ थ्यान्कस् ◆ कम ह्वाट मे

यस पुस्तकमा भएका दुई प्रार्थनाहरू ईश्वरलाई कृतज्ञता प्रदान गर्न र ईश्वर प्रति आस्था राखि प्रतिज्ञा गर्ने प्रार्थनाहरू हुन्।




दुबै प्रकारको प्राथनाहरु सदस्यताको लागि उपलब्ध छ।

# खुशीको बिजारोपणको वारेमा

(भगवान एल कान्तारे लाई हार्दिक कृतज्ञताका साथ दान)

खुशीको बिजारोपण प्रदान गरिने प्रेमको अभ्यास र आशक्ति त्याग्ने
धार्मिक अभ्यास दुवै हो ।
प्रायः मानिसहरु सँग आशक्तिहरु हुन्छन् ,
त्यसैले खुशीको बिजारोपण आशक्तिहरुलाई तोड्ने धार्मिक अभ्यास हो ।
यो अभ्यासको सबै भन्दा महत्वपुर्ण पक्ष हो ।

**बुद्धको शिक्षाको रक्षा गर्ने**
**हाम्रो प्रतिज्ञाको प्रमाणको रूपमा,**
**हामी निस्वार्थ र अहंकार रहित दिमागले सहि भाग्य छर्नेछौं ।**
**यो विश्वासीहरूका लागि ठूलो सम्मान हो ।**
**हामी भगवान शाक्यमुनि बुद्ध र उहाँको मूल चेतना,**
**महान बुद्ध एल कन्तारेमा विश्वास गर्छौं,**
**के तपाईं हाम्रो निष्कपट प्रस्तावहरू स्वीकार गर्नुहुन्छ ।**
**के तपाईंले हाम्रो आनन्ददायी अनुग्रहहरु स्वीकार गर्न सक्नु हुन्छ ।**
**किनकि हामी कुनै पुरस्कारको आशा नगर्ने आध्यात्मिक गुणमा विश्वास गर्छौं**
**के तपाईं हामीलाई खुशी रोप्ने**
**हाम्रो अनुशासनलाई जारी राख्न अनुमति दिनुहुन्छ ।**

(खुशीको बिजारोपणको सद्गुण सूत्र)

# ह्याप्पी साइन्स अवस्थित स्थानहरु विश्वव्यापी रुपमा

ह्याप्पी साइन्स अवस्थित स्थानहरुमा सबै आगन्तुकहरुका लागि खुल्ला रहेका छन् । हाम्रो पुस्तकहरुमा भयेको URL मार्फत आफ्नो नजिकको स्थान पत्ता लगाउनुहोस् अथवा क्यु आर कोड स्क्यान गर्नुहोस् ।

findus.happy-science.org




**उतर अमेरिका**
- अमेरिका
- क्यानाडा

**मध्य र दक्षिण अमेरिका**
- मेक्सिको
- ब्राजिल
- पेरु

**युरोप**
- बेलायत
- जर्मनी
- स्विजरल्याण्ड
- अस्ट्रिया
- फिनल्याण्ड
- बुल्गोरिया
- रुस

**अफ्रिका**
- युगाण्डा
- नाइजेरिया
- दक्षिण अफ्रिका
- घाना
- बेनिन

**पुर्वी एसिया**
- जापान
- दक्षिण कोरिया
- ताईवान
- मंगोलिया

**दक्षिण पुर्वी एसिया**
- सिंगापुर
- मलेसिया
- थाईल्याण्ड
- ईन्डोनेसिया

**दक्षिण एसिया**
- भारत
- श्रीलंका
- नेपाल

**ओशेनिया**
- अस्ट्रेलिया
- न्युजिल्याण्ड

**थप जानकारिका लागि, कृपया निम्न सम्पर्कमा हामीलाई सम्पर्क गर्नुहोला ।**


सम्पर्क नम्बर

ह्याप्पी साइन्स नेपाल

काठमाण्डौ ९७७+१+५३७२९३१


Happy Science Official YouTube

Happy Science India YouTube

Suicide Prevention by Happy Science Website


Copyright © 2024 Happy Science. Created by **Happy Science**. All rights reserved.

Photo: Shutterstock P10-Romolo Tavani, Zakharchuk P14-mei yanotai, Marish, GoodStudio, YummyBuum, Deman P16-Harvepino, onsuda, Max_Lockwood P18-Elfangor, NVRs P19-R-studio P20-Chipmunk131, Olga_Serova P24-APRILIRIS, MeSamong, ASTA Concept, Liliya Linnik, Simple Line P25-Julia Augus, voyata P26-Canities P28-Alba_alioth P29-AcantStudio, HNK, PON-PON